नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति विकास शाखा)

पत्र संख्याः २८३/२०७३-७४

चलानी नं. ९८

मितिः- २०७३।०४।१६

तुरुन्त

विषयः- वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्वन्धमा।

श्री राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, काठमाडौं ।
श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदबार, काठमाडौं ।
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय , सिंहदरबार, काठमाडौं ।
श्री सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं ।
श्री रक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं ।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
श्री प्रहरी प्रधान कार्यालय, नक्साल काठमाण्डौ
श्री पुरातत्व विभाग, रामशाहपथ, काठमाडौं ।
श्री राष्ट्रिय पुननिर्माण प्राधिकरण सिंहदरबार, काठमाडौं ।

JICA / JAPAN बाट प्राप्त जापानमा October 31 देखि November 17, 2016 सम्म सन्चालन हुने तपसिल अनुसारको अध्ययन / तालीम / अध्ययन भ्रमण कार्यक्रममा तहाँ सचिवालय/मन्त्रालय/कार्यालय/ विभागबाट देहायबमोजिम मनोनयन गर्ने गरि निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७३/०४/९ को वैठकबाट निर्णय भएको हुदाँ उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिलः

| क्र. सं. | छात्रवृत्तिको विषय | फारम सम्बन्धित संस्थामा पुग्नु पर्ने म्याद | माग संख्या | अवश्यक योग्यता/सम्बधित निकाय वा अन्य प्रासंगिक कुरा | निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| 1 | Regional Revitalization in Disaster Prone Area | **August 05, 2016** | 20 (15 main and 05 alternative) | Eligibility/Target organization:<br>• Government officers currently involved in regional development and disaster management/Staff of related non-government organizations who work in the field of regional development and disaster management<br>• Age: be from **20 to 35 years** and be expected to become leaders in their specialized fields in the future | राष्ट्रिय योजना आयोग-१<br>प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय :- १<br>राष्ट्रिय पुननिर्माण प्राधिकरण अन्तर्गत भूकम्प प्रभावित जिल्लामा कार्यरत इन्जिनियर -२<br>स्थानीय विकास मन्त्रालय अन्तर्गत भूकम्प प्रभावित जिल्लामा कार्यरत स्था.वि.अ./ योजना अधिकृत र इन्जिनियर पर्ने गरी -२<br>गृह मन्त्रालय अन्तर्गत भूकम्प प्रभावित जिल्लामा कार्यरत प्र.जि.अ./स. प्र.जि.अ. पर्ने गरी -२<br>रक्षा मन्त्रालय-१<br>नेपाल प्रहरी -१<br>सामान्य प्रशासन मन्त्रालय- १<br>निजामती किताबखाना-१<br>अर्थ मन्त्रालय-१<br>शहरी विकास मन्त्रालय अन्तर्गत भवन निर्माण विभागमा कार्यरत इन्जिनियरहरु मध्यबाट -२<br>स्वास्थ्य मन्त्रालय पुननिर्माण एकाइबाट मनोनयन गर्ने -२<br>शिक्षा मन्त्रालय पुननिर्माण एकाइबाट मनोनयन गर्ने -२<br>पुरातत्व विभाग -१ |

**बोधार्थ**

श्री राष्ट्रिय योजना आयोगको सचिवालय, आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा, सिंहदरबार ।
श्री अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहदरबार ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार । तहांको प.सं उपुए /JPN-06./4047 मिति २०७३।०३।१६ को पत्रको सन्दर्भमा

( किरण थापा )
शाखा अधिकृत

सिंहदरबार, काठमाण्डौ, नेपाल फोन नम्बरः ०१-४२००३६७/४२००३६८/४२००३६९ फ्याक्स नम्बरः ९७७-०१-४२००२३८
अडियो नोटिस बोर्ड नम्बरः १६१८०१४२००३१४ / इमेलः info@moga.gov.np / वेवसाइटः www.moga.gov.np.
निजामती सेवाको सपनाः समृद्ध नेपालको रचना